# सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड

## बन्दिपुर-१, डुम्रे, तनहुँ

## आठौं वार्षिक साधारण सभाको कारवाही तथा निर्णयहरुको विवरण

१. **वैधानिक सभा:**

सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री कृष्ण बहादुर थापा ज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

२. **सभा भएको मिति, समय र स्थान :**

मिति : २०८२ बैशाख ६ गते, शनिबार (तदनुसार १९ अप्रिल, २०२५)

**समय:** बिहान ११:०० बजेदेखि

**स्थान:** मर्स्याङ्दी रिभर भ्यू रिसोर्ट, बन्दिपुर-५, तनहुँ ।

३. **सभाको सूचना प्रकाशन :**

यस संस्थाको आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनीहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) र यस संस्थाको नियमावलीको नियम १८ को उपनियम (३) अनुसार मिति २०८१ चैत्र १२ गते मंगलवार (साधारण सभा हुनु २४ दिन अगावै) "राजधानी" राष्ट्रिय पत्रिकामा प्रथम पटक र मिति २०८१ चैत्र २६ गते मंगलबार "कारोवार" राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची सहितको सूचना प्रकाशित गरिएको थियो ।

आठौं वार्षिक साधारण सभा बस्ने सूचना सहित लेखापरीक्षकको प्रतिवेदन, मिति २०८१ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८०।८१ को नाफा नोक्सान हिसाब र नाफा नोक्सान बाँडफाँड हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण सहितको संस्थाको आठौं वार्षिक प्रतिवेदन संस्थाको वेबसाइटमा राख्नुका साथै शेयरधनी महानुभावहरुलाई यस संस्थाको केन्द्रीय कार्यालय, बन्दिपुर-१, डुम्रे, तनहुँ तथा सम्पर्क कार्यालय, टोखा, काठमाण्डौ र यस संस्थाको शेयर रजिष्ट्रार कम्पनी एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट समेत उपलब्ध गराइएको थियो ।

४. **उपस्थिति :**

४.१ **शेयरधनी महानुभावहरुको उपस्थिति :**

संस्थाका संस्थापक र सर्वसाधारण गरी कूल ९२,८१८ जना शेयरधनी सदस्यहरु मध्ये ४९ जना स्वयम् र प्रतिनिधि मार्फत् ३३१ जना गरी जम्मा ३८० जना शेयरधनी महानुभावहरुको उपस्थिति रहेको थियो ।

४.२ **सञ्चालक महानुभावहरुको उपस्थिति:**

| | |
|---|---|
| ४.२.१ श्री कृष्ण बहादुर थापा | अध्यक्ष (संस्थापक) |
| ४.२.२ श्री जीवमूर्ति पन्त | सञ्चालक (संस्थापक) |
| ४.२.३ डा. श्री नरहरि ढकाल | सञ्चालक (संस्थापक) |
| ४.२.४ श्री प्रदीप सिग्देल (शर्मा) | सञ्चालक (संस्थापक) |
| ४.२.५ श्री दिनेश अर्याल | सञ्चालक (सर्वसाधारण) |
| ४.२.६ श्री श्याम प्रसाद श्रेष्ठ | सञ्चालक (सर्वसाधारण) |



२०८२।०१।०८

### ४.३ कर्मचारीहरुको उपस्थितिः

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री केशव कुमार पौडेल लगायत केन्द्रीय कार्यालय तथा शाखाहरुमा कार्यरत गरी कूल ५० जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ५. गणपूरक संख्या

| विवरण | शेयर संख्या | कूल शेयरधनी | स्वयम् | | प्रतिनिधि मार्फत् | | जम्मा | | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | शेयर संख्या | उपस्थित | शेयर संख्या | उपस्थित | शेयर संख्या | उपस्थित | |
| संस्थापक | ४७,४२,८३५।६८ | २२४ | ९,५४,३५५ | २६ | २३,०१,३७१।६५ | ९४ | ३२,९५,७२७।६५ | १२० | ४७.०२ |
| सर्वसाधारण | २२,६५,७४७।७७ | ९२,५९४ | ३,७५१ | २३ | ३,०५,४४०।०० | २३७ | ३,०९,१९१।०० | २६० | ४.४१ |
| विक्री भएको शेयर कित्ता | ७०,०८,५८३।४५ | | ९,५८,१४५ | | २६,०६,८११।६५ | | ३६,०४,९१८।६५ | | ५१.४३ |
| शेयरधनीहरु | ९२,८१८ | ९२,८१८ | | ४९ | | ३३१ | | ३८० | |

संस्थाले जारी गरेको कूल ७०,०८,५८३।४५ कित्ता शेयर मध्ये स्वयम् र प्रतिनिधि नियुक्ति मार्फत् गरी जम्मा ३६,०४,९१८।६५ कित्ता शेयरको प्रतिनिधित्व भएकोले यो संख्या कूल शेयर संख्याको ५१।४३ प्रतिशत हुन आएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा (२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभा संचालनको लागि आवश्यक गणपूरक संख्या पुगेको र उपस्थित शेयरधनी महानुभावहरु सभामा भाग लिन कम्पनी ऐन २०६३ को दफा ७१ बमोजिम योग्य हुनुभएको ।

## ६. सभाको वैधानिकता

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपूरक संख्याका सम्बन्धमा "कम्पनीको नियमावलीमा गणपूरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन" भन्ने व्यवस्था रहेको छ । साथै यस संस्थाको नियमावलीको नियम २३ मा पनि साधारण सभाको गणपूरक संख्या पुग्न "बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तिमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुने छैन" भन्ने प्रावधान रहेको छ । सोही प्रावधान अनुरुप यस आठौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा दस्तखत भए अनुसार कूल विक्री भएको शेयर संख्या ७०,०८,५८३।४५ (९२,८१८ जना) मध्ये ९,५८,१४५ (४९ जना) को स्वयम् र प्रतिनिधि मार्फत् २६,०६,८११।६५ (३३१ जना) गरी जम्मा ३६,०४,९१८।६५ (३८० जना) कित्ता शेयरको उपस्थित रहेको थियो । यसर्थ कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम रीतपूर्वक बोलाइएको सभामा ५१.४३ प्रतिशतको उपस्थिति भएकोले यो सभा वैधानिक भएको हुँदा सर्वसम्मतिले स्वीकृत गर्‍यो ।

तत्पश्चात् प्रचलित कानून बमोजिम सभा वैधानिक भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्ने व्यवस्था बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री कृष्ण बहादुर थापा ज्यूलाई आठौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गर्न कम्पनी सचिवले अनुरोध गर्नु भयो ।

७. **सभाको सभापतित्व:**
संस्थाको आठौं वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम अध्यक्ष श्री कृष्ण बहादुर थापा ज्यूले ग्रहण गर्नु भयो ।

८. **स्वागत मन्तब्य**
उपस्थित शेयरधनी महानुभावहरु, सञ्चालकज्यूहरु र अन्य आगन्तुक महानुभावहरुलाई संस्थाको तर्फबाट यस संस्थाको सञ्चालक समितिका सञ्चालक डा. श्री नरहरि ढकालज्यूले संस्थाको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्नु हुँदै स्वागत मन्तब्य राख्नु भयो ।

९. **सभाको विधिवत उद्घाटन:**
संस्थाका अध्यक्ष श्री कृष्ण बहादुर थापा ज्यूले पानसमा बत्ती बालेर आठौं वार्षिक साधारण सभाको विधिवत रुपमा उद्घाटन गर्नु भयो ।

१०. **सभाको विषय सूची**
**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिबेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षक समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को वाह्य लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखापरीक्षक बिपि एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्तिका लागि योग्य रहेको ।)

४. वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ७ जना सञ्चालकहरु मध्ये संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।
(निर्वाचन सम्बन्धी तालिका संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटि तथा वेबसाइटमा राखिने छ ।)

**(ख) विशेष प्रस्तावहरु :**

१. नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गैंडाकोट नगरपालिकामा स्थानान्तरण गर्नको लागि प्रवन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

२. यस वित्तीय संस्थाको प्रवन्धपत्रका देहायका दफाहरु यसै साथ संलग्न प्रस्ताव संशोधन तालिकाहरु संशोधन गर्ने दफा २ को उपदफा १ संशोधन गर्ने सम्बन्धी प्रस्ताव (रजिष्टर्ड (केन्द्रीय) कार्यालयको ठेगाना) पारित गर्ने साथै संस्थाको नाम अनुमोदन गर्ने ।
नियम २ (१) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) स्थानान्तरण गर्ने सम्वन्धमा र नियम ३२ (१) (ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता, आवास खर्च र वैदेशिक भ्रमण भत्ता प्रदान गर्ने सम्बन्धमा वित्तीय संस्थाको नियमावली संशोधन तथा थप गर्ने प्रस्ताव पारित गर्ने ।

३. भविष्यमा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति गर्ने प्रयोजनार्थ उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ति सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रकृया सुरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२०८२/०१/०५

४. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृति लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्ने निर्देशन भएमा सो समेत मिलाई संशोधन एवम् परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न/गराउन सन्चालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

(ग) विविधः

**११. छलफल तथा निर्णयहरू :**
**सामान्य प्रस्तावहरुका निर्णयहरु :**

(१) सभाको विषय सूची नं. १ बमोजिम अध्यक्ष श्री कृष्ण बहादुर थापाज्यूले पेश गर्नुभएको सन्चालक समितिको प्रतिवेदन उपर छलफल हुँदा शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीज्यूले वार्षिक प्रतिवेदन पातलो बनाउन, खर्च नियन्त्रण गर्न सुझाव दिनु भएको थियो । शेयरधनी श्री डोल राज भुसालज्यूले संस्थागत सुशासन कायम राख्न, फ्रड कन्ट्रोल गर्न मर्जरपछि हुने समस्याहरुलाई निराकरण गर्न, नयाँ नयाँ प्रविधिहरुको प्रयोगमा जोड दिन, रिईन्जिनियरिङ्ग गर्न सुझाउनु भएको थियो । शेयरधनी श्री हरि प्रसाद डुम्रेज्यूले संस्थागत सुशासनमा जोड दिन, कर्मचारीहरुमा मनमुटाव नगरौं, मिलेर जान सुझाउनु भएको थियो । शेयरधनी डा. श्री एक नारायण चापागाईंज्यूले सुशासन कायम राख्न, फ्रड पत्ता लगाउन, समस्याहरुको जड पत्ता लगाउन, डिजिटाइजेशनमा जान, फ्रड कन्ट्रोल गर्न, नयाँ नयाँ टेक्नोलोजी प्रयोग गर्न, क्रस भेरिफिकेसन गर्न, उत्पादकत्व मापन गर्ने, फ्रड जिरो परसेन्ट गराउन, संस्थाको सुदृढीकरण गर्नमा जोड दिन सुझाउनु भएको थियो । तत्पश्चात् सभामा उठेका विषयवस्तु उपर अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले स्पष्ट पारे पश्चात् सभाले सर्वसम्मत रुपमा सन्चालक समितिको प्रतिवेदन जोडदार तालीले पारित गर्‍यो ।

तत्पश्चात सभापतिज्यूको आदेश लिएर कम्पनी सचिवले पूर्व निर्धारित विषय सूची बमोजिमका विषयहरु छलफलको लागि क्रमशः पेश गर्नुभयो ।

(२) सभाको विषय सूची नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल तथा स्वीकृतिको लागि कम्पनी सचिवले सभा समक्ष पेश गर्नु भयो । त्यस्तै नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति प्रदान गर्दा दिएका निर्देशनहरु माथि समेत छलफल गर्न पेश गर्नु भएको विषयवस्तु उपर छलफल हुंदा सभाले लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु सर्वसम्मतिले स्वीकृत गर्‍यो । साथै नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनको प्रत्युत्तर प्रति सभाले सन्तोष व्यक्त गर्‍यो ।

(३) सभाको विषय सूची नं. ३ बमोजिम बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षक समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को वाहय लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा हालका लेखापरीक्षक बिपि एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिका लागि योग्य रहेको भन्ने प्रस्ताव बमोजिम आ.व. २०८१/८२ को वाह्य लेखापरीक्षण कार्यको लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ उपदफा (३) अनुसार "पब्लिक कम्पनीको लेखापरीक्षण गर्न एउटै लेखापरीक्षक, निजको साझेदार वा पूर्व साझेदार वा कर्मचारी वा भूतपूर्व कर्मचारीलाई लगातार तीनपटकभन्दा बढी लेखापरीक्षक नियुक्त गर्न सकिने छैन" भन्ने प्रावधान रहेको हुँदा साविकका वाह्य लेखापरीक्षक बिपि एशोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्सले आ.व. २०८०/८१ लेखापरीक्षण कार्य सन्तोषजनक रुपमा सम्पन्न गरेको र आ.व. २०८१/८२ को लागि समेत निज लेखापरीक्षक हुन ग्राह्य भएको हुँदा यस संस्थाले



२०८२/०१/०५

सम्पदा लघुवित्त वित्तीय संस्था लि.
Sampada Laghubitta Bittiya Sanstha Ltd.
केन्द्रीय कार्यालय

आ.व. २०८१/८२ को लेखापरीक्षण गर्न अन्य ३ बटा लेखापरीक्षकहरुसँग कोटेशन माग गर्दा प्राप्त आवेदनहरु मध्ये बिपि एसोसिएट्स् चार्टर्ड एकाउण्टेण्ट्स उपयुक्त देखिएकोले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून बमोजिम समेत निज योग्य हुनु भएको हुँदा वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, दफा ७८ प्रमाणित गर्न रु.५,८०,०००।- (कर बाहेक) पारिश्रमिक प्रदान गर्नेगरी लेखापरीक्षक नियुक्त गर्नको लागि लेखापरीक्षण समितिले स्वीकृतिको लागि सिफारिश गरेको ब्यहोरा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएको सन्दर्भमा सभामा छलफल हुँदा तत्पश्चात, चालु आर्थिक वर्ष २०८१/८२ को संस्थाको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्न लेखापरीक्षक बिपि एसोसिएट्स् चार्टर्ड एकाउण्टेण्ट्सलाई पारिश्रमिक रु.५,८०,०००।- (कर बाहेक) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्ने निर्णय गर्‍यो ।

(४) सामान्य प्रस्ताव अन्तर्गत सभाको विषय सूची नं. ४ बमोजिम वित्तीय संस्थाको सञ्चालक समितिमा १ जना महिला सञ्चालक सहित जम्मा ७ जना सञ्चालकहरु मध्ये संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने रहेको हुँदा विशेष प्रस्तावहरु सकिए पश्चात निर्वाचन प्रतिवेदन प्रस्तुत गर्न लगाइएको थियो ।

**विशेष प्रस्तावका निर्णयहरु :**

(१) विशेष प्रस्ताव अन्तर्गत सभाको विषय सूची नं. १ बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला गैंडाकोट नगरपालिकामा स्थानान्तरण गर्नको लागि प्रवन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने रहेकोमा निम्न कारणले गर्दा संस्थाको केन्द्रीय कार्यालय बन्दिपुर-१, डुम्रे, तनहुँबाट स्थानान्तरण गर्नुपरेको सम्बन्धमा सभामा स्पष्ट पारिएको थियो ।

(क) **संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा :**
यस संस्थाको केन्द्रीय कार्यालय हाल बन्दिपुर-१, डुम्रे, तनहुँमा रहेको छ । संस्थाको कारोबार विस्तार भई ७ वटै प्रदेश, ४४ जिल्लामा १५५ शाखाहरुको सञ्जाल रहेकोले केन्द्रीय कार्यालयबाट शाखाहरुमा सम्पर्क सकभर छोटो र छिटो छरितो रुपमा होस् भन्ने उद्देश्यले पायक पर्ने उपयुक्त स्थानमा केन्द्रीय कार्यालय स्थानान्तरण गर्दा उपयुक्त हुने देखिएको छ ।

कार्यालयको प्रशासनिक कार्य सञ्चालन गर्न असहजता भएकोले, कार्यालयका लागि आवश्यक सरसामान, छपाई सम्बन्धी कार्य, स्टेशनरी ढुवानी ब्यवस्था मिलाउन कठिनाई, वर्षातको समयमा पहिरोका कारण आवागमनमा असहजता, शान्ति सुरक्षा आदि विविध कारणले यस संस्थाको केन्द्रीय कार्यालय स्थानान्तरणको लागि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको गैंडाकोट नगरपालिका उपयुक्त पायक पर्ने भएकोले सो कार्यका लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने र अन्य आवश्यक ब्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव कम्पनी सचिवले सभा समक्ष पेश गर्नु भयो ।

तत्पश्चात् सभाले नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई यस संस्थाको केन्द्रीय कार्यालय बन्दिपुर-१, डुम्रे, तनहुँबाट नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको गैंडाकोट नगरपालिकामा स्थानान्तरण गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो । साथै केन्द्रीय कार्यालय स्थानान्तरण सम्बन्धी अन्य आवश्यक ब्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव समेत सर्वसम्मतिले पारित गर्‍यो ।

२०८२/०९/०५

(२) विशेष प्रस्ताव अन्तर्गत सभाको विषय सूची नं. २ अनुसार तपसिलमा उल्लेखित तीन महले विवरण बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा २ (१) संशोधन गर्ने सम्बन्धमा र संस्थाको नाम **"सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड"** नाउँलाई सभाबाट अनुमोदन गर्ने र नियमावलीको नियम २ (१), नियम ३२ (१) (ग) को (अ) (आ) (इ) संशोधन गर्ने तथा नियम ३२ (१) (ग) मा (ई) थप गर्ने सम्बन्धमा कम्पनी सचिवले दफावार रुपमा संशोधन प्रस्तावको कारण सहित स्पष्ट पार्नु भयो ।

**आठौं वार्षिक साधारण सभामा प्रवन्धपत्रमा संशोधन सम्बन्धी प्रस्तावको तीन महले विवरण**

| क्र.स. | हालको अवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | दफा २ (१) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय तनहुँ जिल्ला, बन्दिपुर गाउँपालिका-१, डुम्रेमा रहनेछ । | दफा २ (१) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, गैंडाकोट नगरपालिकामा रहनेछ । | कार्यालयको प्रशासनिक कार्य सञ्चालनमा असहजता भएकोले । |

**आठौं वार्षिक साधारण सभामा नियमावलीमा संशोधन सम्बन्धी प्रस्तावको तीन महले विवरण**

| क्र.स. | हालको अवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| १. | नियम २ (१) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय तनहुँ जिल्ला, बन्दिपुर गाउँपालिका-१, डुम्रेमा रहनेछ । | दफा २ (१) वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, गैंडाकोट नगरपालिकामा रहनेछ । | कार्यालयको प्रशासनिक कार्य सञ्चालनमा असहजता भएकोले। |
| २. | नियम ३२(१) (ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिमको हुनेछ ।<br>(अ) स्वदेशमा दैनिक भत्ता रु.३०००/-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु. ३०००/-<br>(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ६०<br>(ई)भ्रमण भत्ता बिल बमोजिम । | नियम ३२(१) (ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिमको हुनेछ ।<br>(अ) स्वदेशमा दैनिक भत्ता रु ३,५००/-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु. ५,०००/-<br>(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००<br>(ई) यातायात खर्च बिल बमोजिम वा चलनचल्ती र आवास खर्च प्रति रात रु ३,०००/- नबढ्नेगरी बिल बमोजिम । | समयसापेक्ष संशोधन आवश्यक रहेकोले । |

उपरोक्त अनुसार प्रवन्धपत्रको दफा २ (१) मा कार्यालयको प्रशासनिक कार्य सञ्चालनमा असहजता भएकोले "वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, गैंडाकोट नगरपालिकामा रहनेछ" भनी संशोधन गर्ने ।

त्यसै गरी नियमावलीको नियम २ (१) मा कार्यालयको प्रशासनिक कार्य सञ्चालनमा असहजता भएकोले "वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, गैंडाकोट नगरपालिकामा रहनेछ" भनी संशोधन गर्ने ।

२०८२/०१/०६



Sampada Laghubitta Bittiya Sanstha Ltd.

त्यसै गरी नियमावलीको नियम ३२(१) (ग) मा समय सापेक्ष संशोधन आवश्यक रहेकोले सञ्चालकज्यूहरुको सुविधा बढाउन "वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिमको हुनेछ ।

(अ) स्वदेशमा दैनिक भत्ता रु ३,५००/-
(आ) भारतमा दैनिक भत्ता भा.रु. ५,०००/-
(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००
(ई) यातायात खर्च बिल बमोजिम वा चलनचल्ती र आवास खर्च प्रति रात रु ३,०००/- नबढ्नेगरी बिल बमोजिम भनी संशोधन गर्ने ।

तत्पश्चात् सभाले उपरोक्त अनुसारले प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न सर्वसम्मतिले पारित गऱ्यो ।

(३) विशेष प्रस्ताव अन्तर्गत सभाको विषय सूची नं. ३ अनुसार यस वित्तीय संस्थाले भविष्यमा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति गर्ने प्रयोजनार्थ उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ति सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रकृया सुरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव माथि छलफल तथा पारित गर्ने सम्बन्धमा सर्वसम्मतिले निर्णय गऱ्यो ।

(४) विशेष प्रस्ताव अन्तर्गत विषयसूची नं. ४ अनुसार सभालें प्रवन्धपत्र र नियमावलीमा गरेको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डले कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा प्रचलित कानूनको अधिनमा रही सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने समेत सर्वसम्मतिले निर्णय गऱ्यो ।

(ग) **विविध :**
विविध तर्फ केही पनि नरहेको ।

१२. **धन्यवाद ज्ञापन :**
अध्यक्ष श्री कृष्ण बहादुर थापाज्यूले सभामा उपस्थित सबै शेयरधनीहरु, नियमनकारी निकायहरु, ऋणदाता बैंकहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आआफ्नो भूमिका कुशलपूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावज्यूहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

१३. **सञ्चालकको निर्वाचन :**
छलफलका विषय सूची बमोजिम अपरान्ह ०५:०० बजे छलफल तथा निर्णयको कार्यक्रम सम्पन्न भएपछि कम्पनी सचिवले निर्वाचन अधिकृत अधिवक्ता श्री रविन्द्र बराकोटीज्यूलाई निर्वाचन प्रतिवेदन पेश गर्न अनुरोध गर्नु भयो ।

**निर्वाचन अधिकृतको प्रतिवेदन :**
निष्पक्ष तथा स्वतन्त्र रुपले सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक समूहका शेयरधनीहरु मध्येबाट ४ जना सञ्चालकको निर्वाचनको लागि सञ्चालन निर्वाचन निर्देशिका, २०८१ मा व्यवस्था भए बमोजिम तथा यस वित्तीय संस्थाको सञ्चालक समितिवाट मिति २०८१।१२।१२ गते प्रकाशित आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचनालाई आधार मानी निर्वाचन हुने दिन भन्दा १५ दिन अगावै मिति २०८१।१२।२२ गते अनुसूची १ बमोजिमको ढाँचामा निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको थियो ।

२०८२/०१/०९

सम्पदा लघुवित्त वित्तीय संस्था लि.
Sampada Laghubitta Bittiya Sanstha Ltd.

उक्त निर्वाचन कार्यक्रमको सूचना बमोजिम सञ्चालक पदको लागि तोकिएको मिति २०८२।०१।०२ गते १०:०० वजेदेखि ०३:०० बजेसम्म संस्थापक शेयरधनीको तर्फबाट मनोनयन दर्ता गर्नु हुने (१) श्री किरण कुँवर (२) श्री अर्जुन कुमार सिं (३) श्री कृष्ण बहादुर थापा (४) श्री जीवमूर्ति पन्त (५) श्री हरि प्रसाद डुम्रे (६) श्री प्रदीप सिग्देल (शर्मा) जम्मा छ जना उम्मेदवारहरुको मात्र मनोनयन पत्र दाखिला हुन आएकोमा (१) श्री किरण कुँवर (२) श्री कृष्ण बहादुर थापा दुई जनाले उम्मेद्वारी फिर्ता लिनु भएकोले संस्थापक तर्फबाट (१) श्री प्रदीप सिग्देल (शर्मा) (२) श्री जीवमूर्ति पन्त (३) श्री अर्जुन कुमार सिं (४) श्री हरि प्रसाद डुम्रे चार जना सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा संस्थापक समूह तर्फबाट शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

त्यसै गरी सर्वसाधारण शेयरधनीहरुमा (१) श्री भेष राज रोकाया (२) विनोद तामाङ (३) दिनेश अर्याल (४) डा.टेक नारायण पौडेल (५) कुष्मा पौडेल जम्मा पाँच जना उम्मेदवारहरुको मात्र मनोनयन पत्र दाखिला हुन आएकोमा (१) दिनेश अर्याल (२) डा.टेक नारायण पौडेल (३) कुष्मा पौडेल तीन जनाले उम्मेद्वारी फिर्ता लिनु भएकोले सर्वसाधारण समूह तर्फबाट (१) श्री भेष राज रोकाया (२) विनोद तामाङ दुई जना सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिमा सर्वसाधारण समूह तर्फबाट शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

निर्वाचन अधिकृत अधिवक्ता श्री रविन्द्र बराकोटीज्यूले नवनिर्वाचित सञ्चालकहरुलाई बधाईको साथ साथै वहाँहरुको नेतृत्वमा संस्थाले थप सफलताको शिखर छुन सकोस भन्ने विश्वासका साथ सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नु भयो ।

तत्पश्चात् निर्विरोध नवनिर्वाचित सञ्चालकहरुः (१) श्री प्रदीप सिग्देल (शर्मा) (सञ्चालक - संस्थापक) (२) श्री जीवमूर्ति पन्त (सञ्चालक - संस्थापक) (३) श्री अर्जुन कुमार सिंह (सञ्चालक - संस्थापक)(४) श्री हरि प्रसाद डुम्रे (सञ्चालक - संस्थापक) (५) श्री भेष राज रोकाया (सञ्चालक - सर्वसाधारण) (६) विनोद तामाङ ( सञ्चालक - सर्वसाधारण) लाई निर्वाचन अधिकृत अधिवक्ता श्री रविन्द्र बराकोटीले प्रमाणपत्र वितरण गर्नु भयो ।

**१४. नवनिर्वाचित सञ्चालकहरुलाई बधाई तथा सफल कार्यकालको लागि शुभकामना :**

निर्वाचन कार्यक्रम समाप्त भए पश्चात् निर्वाचन अधिकृत अधिवक्ता श्री रविन्द्र बराकोटीले नवनिर्वाचित सञ्चालकज्यूहरुलाई प्रमाणपत्र वितरण गर्नुका साथै नवनिर्वाचित सञ्चालकज्यूहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो ।

१५. <u>सभा विसर्जन:</u>

अन्तमा, साधारण सभामा उपस्थित सबैलाई पुनः धन्यवाद दिदैं आगामी दिनमा समेत सम्पूर्ण महानुभावहरुको साथ सहयोग रहने विश्वासका साथ सभा अन्त भएको घोषणा गर्नुभयो ।

२०८२।०१।०६

पवन कुमार श्रेष्ठ
कम्पनी सचिव

कृष्ण बहादुर थापा
अध्यक्ष
सञ्चालक समिति